# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९ मिति : २०७८/१२/२७
चलानी नं.: १६२६

**विषय** : विज्ञापन अनुमति माग सम्बन्धमा भएको निर्णय कार्यन्वयन तथा जानकारी सम्बन्धमा ।

श्री निवेदक सहित सरोकार सेवाग्राही सवै

प्रस्तुत विषय सम्बन्धमा यस म्याग्दे गाउपालिका तनहुमा मा मिति २०७८।१२।२४ मा खैरेनिटार १ निवासी हाल म्याग्दे ६ मा जग्गा हुने श्रीराम उपाध्याय १, म्याग्दे ४ मा जग्गा हुने श्री राजेन्द्र अधिकारी १,र म्याग्दे ६ मा जग्गा हुने श्री रिख नारायण श्रेष्ठ भनिने रित वहादुर क्षेत्रि गरी जम्मा ३ जना ले होडिङ्ग वोर्ड वाट विज्ञापन गर्ने अनुमती पाउ भनि दिएको निवेदन सम्बन्धमा संघिय कानुन विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा (४) को उपदफा (४) अनुसार आवश्यक जाचवुझ गर्न को लागी राजश्व परामर्श समिति मा छलफल गरी सो को निर्णय सहित स्थलगत अध्यन प्रतिवेदन पश्चात कानुन अनुसार अनुमति दिने कार्य अगाडी वढाउने सम्बन्धमा प्रारम्भिक चरण मा तोक आदेश तथा दर्ता भई आएको निवेदन का सम्बन्धमा तपशिल बमोजिम गर्ने गरी मिति २०७८।१२।२७ मा कार्यलय वाट (टिप्पणी) निर्णय भयको हुदा निवेदक तथा सरोकार सवै लाई जानकारी को लागी यसै पत्र मार्फत अनुरोध गरिन्छ ।

माया देवी राना आले
(अध्यक्ष)

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

**तपशिल**

१, विज्ञापन ( नियमन गर्ने) ऐन २०७६ को दफा (४) को उपदफा (४) अनुसार जाचवुझ गर्ने आधार सहित मनासिव देखीने मापदण्डहरु सम्बन्धमा गर्नु पर्ने कानुनी व्यबस्था साथै सोही ऐनको दफा (४) को उपदफा (५) को (क) देखी (ज) सम्म का व्यबस्थाको कार्यन्वयनमा मा गर्नु पर्ने स्पष्ट व्याख्यात्मक कानुनी आधार तथा मापदण्डहरु ,सोही ऐनको दफा (४) को उपदफा (४) तथा उपदफा ( ५) को (झ) साथै दफा (२४) को उपदफा (२) र (५) अनुसार अनुगमन नियमन गर्न र गाउपालिका को आन्तरीक आय वृद्धि तथा व्यवसायी उद्योगी उत्पादक को व्यवसायीक वातावरण तयार गर्न को लागी पनि कानुन वनाउनु पर्ने वाध्यात्मक अवस्था, र दफा २७ अनुसार पर्ने उजुरीका विषयमा स्थानिय तहले गर्ने कारवाही को प्रकृया , आधार तथा मापदण्ड को आवश्यक्ता,दफा ३१ को (ग) समेत समग्र विषय तथा प्रावधानहरु अध्यन गर्दा गाउपालिका को लागी आफ्नै स्थानिय कानुन को आवश्यक्ता अपरिहार्य रहेको, सोही

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

---

ऐनको दफा ७ अनुसार वोर्ड ले निर्धारण गरेको मापदण्ड सहित गाउपालिका भित्र निषेधित क्षेत्र घोषणा गरी सार्वजनिक सुचना प्रकाशन गर्नको लागी वृस्तित रुपमा गर्नु पर्ने अध्यन अनुसन्धान र पहिचान का क्षेत्र तथा विषयहरु, विज्ञापन (नियमन गर्ने) ऐन २०७६ मा स्थानिय तहले प्रदान गर्ने अनुमति सम्बन्धी कुनै अनुसुचि नमुना नभएको अवस्था सगै गाउपालिका बाट हाल सम्म बनेका कानुन अनुसार सो अनुमति सम्बन्धमा कुनै ब्यबस्था पनि आर्कर्षित नभएको स्थिति, विगत गाउपालिका स्थापना देखी नै सडक आसपासमा विभिन्न विज्ञापन कर्ता का होडिङ्ग वोर्ड रहेका कसैले पनि अनुमति माग गर्न नआएको सिथिति, समेत लाई मध्यनजर गरी गाउपालिका ले प्रथम पटक १० औ गाउसभा २०७८ आषाढ को निर्णय न.४३ तथा आर्थिक ऐन २०७८ अनुसार विज्ञापन ठेक्का चालु आर्थिक वर्ष ०७८।०७९ मा लगाए सगै सरोकार निकाय ले अनुमति माग गरी पहिलो पटक गरेको निवेदन अनुसार अनुमति दिने पुर्वाधारहरु यस पुर्व तयार नभएको अवस्था समेत बाट निवेदक ले ऐनको दफा (४) को उपदफा (४) अनुसार माग गरे अनुसार तत्कालै यथास्थिति मा अनुमतिपत्र दिन नसकिने साथै हालको नजिकिदो स्थानिय तहको निर्वाचन का कारण पदाधिकारी हरु सवै आ आफ्नो राजनीतिक दौडधुप मा लागे सगै राजश्व परामर्श समिति सहित कार्यविधि निर्माण गर्ने अधिकार प्राप्त निकाय गाउकार्यपालिका को तत्कालै वैठक वस्न नसक्ने अवस्था ,निर्वाचन आयोगको यही मिति २०७८।१२।२६ बाट लागु भएको निर्वाचन आचार संहिता समेत लाई मध्यनजर गरी अनुमती माग गर्ने हाल का निवेदक सहित सो सग सम्बन्धीत सवै सेवा ग्राही को माग लाई समयमा नै सम्बोधन गर्न को लागी राजश्व शाखा मार्फत छिमेकी पालिका को समेत अभ्यास लाई अध्यन गरी कार्यविधि को मस्यौदा तयार गरी यही मिति २०७८ जेष्ठ १० भित्र नवगठीत राजश्व परामर्श समिति मा पेश गर्न लगाउने साथै राजश्व परामर्श समिति ले गरेका अध्यन पश्चात को सिफारीस तथा निर्णय का आधारमा तत्काल गठन भएको नया गाउकार्यपालिका वैठक मार्फत स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यविधि स्विकृत गरी हाल का निवेदक सहित सवै सरोकार सेवाग्राही लाई स्विकृत कार्यविधि को परिधि भित्र रही अनुमती लगाएत का सवै सेवा प्रदान गर्ने ।

२, अनुमति माग गर्ने निवेदक सहित सवै सेवाग्राही लाई यस विषयको जानकारी को लागी सार्वजनिक सुचना वेभसाईट मार्फत जारी गर्ने ।

कृष्ण घिमिरे
उपाध्यक्ष

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

३, ऐनमा भएको ब्यवस्था अनुसार नेपाल सरकार को सरोकार मन्त्रालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय शिहदरवार काठमाण्डौ, विज्ञापन वोर्ड मा वोधार्थ दिने साथै गाउपालिका वाट सेवा प्राप्त नभएको भनि निवेदक ले नियमन गर्ने उच्च निकाय सहित स्थानिय प्रशासन मा समेत गुनासो गर्न सक्ने हुदा सवै नियमन गर्ने निकाय र जिल्ला प्रशासन कार्यलय तनहु लाई वोधार्थ दिने ।

४, गाउपालिका का ७ वटै वडा कार्यलय र विषयगत शाखा लाई यस विषयमा कानुन निर्माण गर्न आवश्यक पर्ने सवै सुचना तथा तथ्याङ्क संकलन गरी राजश्व शाखा लाई यथाशिघ्र उपलब्ध गराउने गरी वोधार्थ तथा जानकारी गराउने ।

५, सेवाग्राही का यस किसिमका माग र आवश्यक्ता सहित सवै प्रकृर्तिका स्थानिय अधिकार र कानुन सम्मत क्षेत्राधिकार का सेवा समयैमा नै गाउपालिका वाट प्रदान गर्न यसरी नै तत्परता तथा जोड दिने साथै हाल तत्कालै सेवा प्रदान गर्न असमर्थ भएको प्रर्ति सवै सरोकार सेवा ग्राही समक्ष गाउपालिका परिवार वाट क्षमाप्रार्थि गर्ने ।

**वोधार्थ**

१,श्री सञ्चार तथा सुचना प्रविधि मन्त्रालय शिहदरवार काठमाण्डौ ।
२, श्री नियमनकारी निकायहरु सवै (जानकारी को लागी )
३, श्री जिल्ला प्रशासन कार्यलय तनहु (जानकारी को लागी )
४, श्री विज्ञापन वोर्ड काठमाण्डौ (जानकारी को लागी )
५, श्री विषयगत शाखा तथा वडा कार्यलय सवै म्याग्दे गाउपालिका तनहु ( कार्यविधि निर्माण को लागी आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरी यथाशिघ्र पेश गर्ने )
६, श्री राजश्व शाखा म्याग्दे गाउपालिका तनहु (आवश्यक कार्यविधिको मस्यौदा तयार गरी यथाशिघ्र पेशगर्ने )

बालकृष्ण घिमिरे
उपाध्यक्ष

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष